# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४४) काठमाडौं, जेठ २ गते २०५१ साल (अतिरिक्ताङ्क ४(अ)

## भाग ३

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको

## सूचना

नेपाल स्वास्थ्य सेवा(गठन,समूह तथा श्रेणी विभाजन र नियुक्ति)

नियमहरू, २०५१

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :-

१५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. सँक्षिप्त नाम र प्रारम्भ :- (१) यी नियमहरूको नाम " नेपाल स्वास्थ्य सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ " रहेको छ ।
(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा:- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा,-

(क) "ऐन " भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "नियमावली " भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(ग) "सेवा " भन्नाले नियम ३ बमोजिमको नेपाल स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(घ) "समूह" भन्नाले नियम ४ को उप-नियम(१) बमोजिमको समूह सम्झनु पर्छ ।

(ङ) "उपसमूह" भन्नाले समूह अन्तर्गत कायम गरिएको उपसमूह सम्झनु पर्छ ।

(च) "कर्मचारी " भन्नाले नेपाल स्वास्थ्य सेवाका निजामती कर्मचारी सम्झनु पर्छ ।

३. सेवाको गठन:- ऐनको दफा ३ बमोजिम नेपाल स्वास्थ्य सेवा गठन गरिएको छ ।

९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. सेवामा रहने समूह, उप समूह, श्रेणी र पद:- (१) सेवामा कामको प्रकृति, सो सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्टता समेतको आधारमा सेवा भित्र को समान प्रकृतिका पदहरू समावेश भएको अनुसूची-१ बमोजिमका समूह तथा उपसमूहहरू रहनेछन् ।

(२) सेवामा देहायका श्रेणीहरू रहनेछन्:-

(क) राजपत्राँकित

(१) विशिष्ट श्रेणी
(२) प्रथम श्रेणी
(३) द्वितिय श्रेणी र
(४) तृतीय श्रेणी

(ख) राजपत्र अनंकित

(१) प्रथम श्रेणी
(२) द्वितीय श्रेणी
(३) तृतीय श्रेणी र
(४) चतुंथ श्रेणी

(३) सेवा, समूह वा उप समूहमा रहेका विभिन्न श्रेणीका र श्रेणीविहिन पदहरू अनुसूची - २ बमोजिम हुनेछन् ।

५. समूहिकृत हुने:- (१) यी नियमहरू प्रारम्भ हुंदाका वखत सेवा र सो अन्तर्गतको समूह, उपसमूहमा समूहिकृत भई कार्यरत रहेका कर्मचारीहरू तत् तत् समूह वा उपसमूहमा समुहिकृत भएको मानिने छन् ।

९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर एम.बी.बी.एस.,एम.डी (न्यूनतम शैक्षिक योग्यताको रूपमा ) वा सो सरहको योग्यता प्राप्त गरी राजपत्रांकित तृतीय श्रेणीको पदमा सेवा प्रवेश गर्नेहरूको हकमा कुनै पनि समूहमा समुहिकृत नगरी निजहरूलाई सेवाको राजपत्रांकित तृतीय श्रेणी ( प्राविधिक ) को मेडिकल अधिकृत पदमा कायम गरिने छ । निजहरूले जनरल हेल्थ सर्भिसेज समूह अन्तर्गतको राजपत्रांकित द्बितिय र प्रथम श्रेणीको पदमा र अनुसूची - ४ मा उल्लेखित समूह वा उपसमूहको लागि तोकिएको शैक्षिक योग्यताहरू मध्ये आफूले प्राप्त गरेको शैक्षिक योग्यताको आधारमा संबन्धित समूह वा उपसमूहको राजपत्रांकित द्बितिय श्रेणी वा सो भन्दा माथिको पदमा बढूवा हुनका लागि सम्भाव्य उम्मेदवार हुन पाउनेछन् ।

(२) यी नियमहरू प्रारम्भ हुंदाका बखत सेवामा कार्यरत कर्मचारीहरू मध्ये उप-नियम (१) मा उल्लेखित कर्मचारीहरू बाहेक अन्य कर्मचारीहरूलाई निजहरूको शैक्षिक योग्यता, कार्य विशिष्टता र अनुभवको आधारमा निजहरू बहाल रहने समूह, उपसमूह तथा पद समेत निर्धारण गरी सम्बन्धीत कर्मचारीहरूलाई जानकारी गराइनेछ ।

(३) साबिकमा बन सेवा, फार्मेसी समूह अन्तर्गतको पदमा कार्यरत कर्मचारीहरू सेवाको फार्मेसी समूहमा स्वत: परिणत भएको मानिने छन् ।

६. रिक्त पदको पूर्ति :- (१) सेवा, समूह तथा उपसमूहको रिक्त पदहरूको पूर्ति ऐन को दफा ७ को उपदफा (१) बमोजिम हुनेछ ।

१८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२)श्रेणी विहिन पदहरुमा नयाँ नियुक्ति गर्दा खुल्ला प्रतियोगिता द्वारा गरिनेछ ।

७. नियुक्तिको लागि योग्यता:- (१) सेवा, समूह तथा उपसमूहको रिक्त पदमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम अयोग्य नभएका र अनुसूची-३ बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरू उम्मेदवार हुन सक्नेछन् ।

८. सरुवाको व्यवस्था:- समूह तथा उपसमूहका कर्मचारीलाई सरुवा गर्दा नियमावलीको परिच्छेद ६ को अधिनमा रही समूह तथा उपसमूह भित्रको पदमा मात्र सरुवा गरिने छ ।

९. शैक्षिक योग्यता सम्बन्धी व्यवस्था :- (१) कार्य क्षमताको मूल्याङ्कनद्वारा बढुवा हुनको निमित्त राजपत्रांकित पदहरूको हकमा नियमावलीको नियम ८१ का उप-नियम (३) बमोजिमको शैक्षिक योग्यता र राजपत्र अनंकित पदहरूको हकमा तत् तत् पदहरुमा सेवा प्रवेशको लागि निर्धारित शैक्षिक योग्यता आवश्यक पर्नेछ ।

तर, यी नियमहरू प्रारम्भ हुंदाका बखत सेवा, समूह तथा उपसमूहमा बहाल रहेका कर्मचारीहरूको हकमा निजहरूलाई त्यस्तो सेवा, समूह तथा उपसमूहमा प्रवेश गर्न तोकिएको शैक्षिक योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष योग्यता चाहिने अनुसूची- ४ मा उल्लेखित समूह तथा उप-समूहको राजपत्राङ्कीत द्वितीय र प्रथम श्रेणीको पदमा बढुवा हुनको लागि मेडिकलअधिकृत पदको लागि

१३


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकिएको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरी सोही अनसूचीमा तोकिएको शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

१०. सेवा, समूह तथा उपसमूह संचालन सम्बन्धि व्यवस्था:- नीतिगत कुराहरूमा सामान्य प्रशासन मन्त्रालयसंग समन्वय राखी सेवा, समूह तथा उप समूहको सन्चालन र प्रशासन स्वास्थ्य मन्त्रालयले गर्नै छ ।

११. अनुसूचीमा हेरफेर वा थपघट:- श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्ने छ ।

१२. खारेजी वा बचाऊ:- (१) नेपाल स्वास्थ्य सेवा ( समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा ) नियमहरू, २०३३ र नेपाल स्वास्थ्य सेवा (गठन) नियम, २०१६ खारेज गरिएका छन् ।

(२) उप-नियम (१)मा उल्लेखित नियमहरू बमोजिम भए गरेका काम कारवाहीहरू यी नियमहरू बमोजिम नै भए गरेका मानिने छन् ।

20



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-२
### (नियम ४ को उप-नियम(४)संग सम्बन्धीत)
### सेवा र सेवाका समूह तथा उप समूहमा रहने पद, नामहरु

१. मेडिसिन( आयुर्विज्ञान) समूह

| स्वास्थ्य सेवा | (क) जनरल मेडिसिन उपसमूह | (ख) नेफ्रोलोजि उपसमूह | (ग) न्यूरोलोजि उप समूह | (घ)कार्डियोलोजि उपसमूह | (ङ)ट्रपिकल मेडिसिन उप समूह | (च)ग्यास्ट्रोइन्टेरोलोजी उपसमूह |
|---|---|---|---|---|---|---|
| १. विशिष्ठ श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्राकित प्रथम श्रेणीमा रहने पद | १.राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १.राज पत्रांकित प्रथम श्रेणीमा रहने पद | १.राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १.राजपत्रांकित प्रथम श्रेणीमा रहने पद |
| श्री ५को सरकारले तोके बमोजिमको पद | फिजिसियन | नेफ्रोलोजिष्ट | न्यूरोलोजिष्ट | कार्डियोलोजिष्ट | फिजिसीयन( ट्रपिकल मेडिसिन) | ग्यास्ट्रोइन्टेरोलोजिष्ट |
| रा.प.तृ.श्रेणीमा मेडिकल अधिकृत | २. राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद | २. राजपत्राकित द्वितीय श्रेणीमा रहने पद | २.राजपत्रांकितद्वितीय श्रेणीमा रहने पद | २.राज पत्रांकित द्वितीय श्रेणीमा रहने पद | २.राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद | २.राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद |
| | फिजिसियन | नेफ्रोलोजिष्ट | न्यूरोलोजिष्ट | कार्डियोलोजिष्ट | फिजिसीयन (ट्रपिकल मेडिसिन) | ग्यास्ट्रोइन्टेरोलोजिष्ट |



23

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सर्जरी (सल्य चिकित्सा विज्ञान) समूह

| क) जनरल सर्जरी उप समूह | (ख) अर्थोप्याडिक सर्जरी उपसमूह | (ग) कार्डियोथोरासिक सर्जरी उपसमूह | (घ) यूरो सर्जरी/यूरोलोजी उप समूह | (ङ) न्यूरो सर्जरी उप समूह | (च) पिडियाट्रिक सर्जरी उप समूह | छ) बर्न तथा प्लाष्टिक सर्जरी उप समूह |
|---|---|---|---|---|---|---|
| १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १.राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १.राज पत्रांकित प्रथम श्रेणीमा रहने पद | १.राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १.राजपत्रांकित प्रथम श्रेणीमा रहने पद |
| सर्जन | अर्थोप्याडिक सर्जन | कार्डियोथोरासिक सर्जन | यूरोलोजिष्ट | न्यूरो सर्जन | पिडियाट्रिक सर्जन | प्लाष्टिक सर्जन |
| २.राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद | २. राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद | २. राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद | २.राजपत्रांकितद्वितीय श्रेणीमा रहने पद | २.राज पत्रांकित द्वितीय श्रेणीमा रहने पद | २.राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद | २.राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद |
| सर्जन | अर्थोप्याडिक सर्जन | कार्डियोथोरासिक सर्जन | यूरोलोजिष्ट | न्यूरो सर्जन | पिडियाट्रिक सर्जन | प्लाष्टिक सर्जन |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३. रेडियोलोजी उप समूह

| क) रेडियोडायग्नोसिस उप समूह | (ख) रेडियोथेरापी उप समूह |
|---|---|
| १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद |
| प्रमुख रेडियोलोजिष्ट | प्रमुख रेडियोथेरापिष्ट |
| २. राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद | २. राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद |
| रेडियोलोजिष्ट | रेडियोलोजिष्ट |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| ४. हमाटोलजि,लेप्रोलोजी र जेनरल डिजिजेज समूह | ५. साइक्याट्रि (मानसिक रोग विज्ञान) समूह | ६.पिडियाटिक्स बाल रोग विज्ञान समूह: | ७.अप्थलमोलोजी (आँखा)समूह : | ८.अटोरिनोल्यारिंगोलोजी (नक,कान, घाँटी )समूह | ९.चेष्ट डिजिजेज समूह: |
|---|---|---|---|---|---|
| १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १.राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राज पत्रांकित पथम श्रेणीमा रहने पद | १.राजपत्रांकित प्रथम श्रेणीमा रहने पद |
| हमाटोलोजिष्ट | साइक्याट्रिष्ट | पिडियाट्रिसयन | अप्थलमोलोजिष्ट | इ.एन.टि. सर्जन | चेष्ट फिजिसियन |
| २. राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद | २. राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद | २ राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद | २.राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद | २. राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद | २.राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद |
| हमाटोलोजिष्ट | साइक्याट्रिष्ट | पिडियाट्रिसियन | अप्थलमोलोजिष्ट | इ.एन.टि. सर्जन | चेष्ट फिजिसियन |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १०. एनेस्थेसियोलोजि समूह: | ११. अब्स्टेट्रिक तथा गाइनाकोलोजी समूह | १२. पब्लिक हेल्थ एडमिनिष्ट्रेशन समूह | १३.जनरल हेल्थ सर्भिसेज समूह | १४.मेडिकल जनरलिष्ट समूह |
|---|---|---|---|---|
| १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १.राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राज पत्रांकित प्रथम श्रेणीमा रहने पद |
| एनेस्थेसियोलोजिष्ट | अब्स्टेट्रिसियन तथा गाइनोकोलोजिष्ट | (क) निर्देशक<br>(ख) मेडिकल सुपरिण्टेण्डेण्ट<br>(ग) प्रमुख | (क) मेडिकल सुपरिटेण्डेण्ट<br>(ख) प्रमुख<br>(ग) निर्देशक | (क) मेडिकल जनरलिष्ट<br>(ख) प्रमुख<br>(ग) निर्देशक |
| २. राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद<br>एनेस्थेसियोलोजिष्ट | २. राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद<br>अब्स्टेट्रिसियन तथा गाइनोकोलोजिष्ट | २.राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद<br>(क) मेडिकल सुपरिण्टेण्डेण्ट<br>(ख) प्रमुख<br>(ग) पब्लिक हेल्थ एडमिनिष्टेटर | २.राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद<br>(क) मेडिकल सुपरिण्टेण्डेण्ट<br>(ख) प्रमुख<br>(ग) सिनियर मेडिकल अधिकृत<br>(घ)क्याजुयल्टी मे.अ | २. राजपत्रांकित द्वितिय श्रेणीमा रहने पद<br>(क) मेडिकल जनरलिष्ट<br>(ख) प्रमुख<br>(ग) मेडिकल सुपरिटेण्डेण्ट |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. प्याथोलोजी समूह

| (क) प्याथोलोजी उप समूह | (ख) हिस्टोप्याथोलोजि उप समूह | (ग) माईक्रो बायोलोजी उप समूह | (घ) हिमेटोलोजी उप समूह |
|---|---|---|---|
| १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद |
| प्याथोलोजिष्ट | हिस्टोप्याथोलोजिष्ट | माईक्रो बायोलोजिष्ट | हिमेटोलोजिष्ट |
| २. राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद | २. राजपत्रांकित द्वितीय श्रेणीमा पद | २. राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद | २. राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद |
| प्याथोलोजिष्ट | हिस्टोप्याथोलोजिष्ट | माईक्रो बायोलोजिष्ट | हिमेटोलोजिष्ट |

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १६. | नर्सिङ्ग समूह: | (१७) पब्लिक हेल्थ नर्सिङ्ग समूह: |
|---|---|---|
| १. | राजपत्रांकित प्रथमश्रेणी रहनेपद<br>(क) मेट्रोन<br>(ख) निर्देशक | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद<br>(क) मेट्रोन<br>(ख) निर्देशक |
| २. | राजपत्रांकित द्वितियश्रेणी रहनेपद<br>(क) सहायक मेट्रोन<br>(ख) वरिष्ठ नर्सिङ्ग प्रशासक | २. राजपत्रांकित द्वितीय श्रेणी रहने पद<br>(क) सहायक मेट्रोन<br>(ख) वरिष्ठ पब्लिक हेल्थ नर्सिङ्ग अधिकृत |
| ३. | राजपत्रांकित तृतीयश्रेणीमारहनेपद<br>(क) सिष्टर<br>(ख) तालीम अधिकृत<br>(ग) प्रशिक्षक नर्सिङ्ग<br>(घ) आयुर्वेद मातृका | ३. राजपत्रांकित तृतीय श्रेणीमा रहने पद<br>(क) पब्लिक हेल्थ नर्सिङ्ग अधिकृत<br>(ख) तालीम अधिकृत<br>(ग) प्रशिक्षक (प.हे.न)<br>(घ) आयुर्वेद मातृका |
| ४. | राजपत्र अनंकित प्रथम श्रेणीमा रहने पद | ४. राजपत्र अनंकित प्रथम श्रेणीमा रहने पद |
| | (क) स्टाफ नर्स | (क) प.हे.न.<br>(ख) सि.अ.न.मि. |
| ५. | राजपत्र अनंकित द्वितिय श्रेणीमा रहने पद | ५. राजपत्र अनंकित द्वितिय श्रेणीमा रहने पद |
| | | अ.न.मि |
| ६. | राजपत्र अनंकित तृतीय श्रेणीमा रहने पद | ६. राजपत्र अनंकित तृतिय श्रेणीमा रहने पद |
| | | मातृ शिशु कार्यकर्ता |

मुद्रण विभाग

23



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १८. डेण्टिष्ट्री समूहः | १९.आयुर्वेदिक समूह | २०.हेल्थ एजुकेशन (स्वास्थ्यशिक्षा) समूह | २१.मेडिकल ल्याब टेक्नोलोजी समूह | २२.हेल्थ इन्सपेक्सन समूह | २३.फार्मेसी समूह |
|---|---|---|---|---|---|
| १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद | १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद | १.राज पत्राङ्कित प्रथम श्रेणीमा रहने पद | १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद |
| डेण्टल सर्जन | (क) निर्देशक<br>(ख) प्रमुख<br>(ग) मेडिकल सुपरिण्टेण्डेण्ट (आयुर्वेद) | प्रमुख | प्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट | (क) प्रमुख<br>(ख) प्रमुख जनस्वास्थ्य अधिकृत | (क) निर्देशक<br>(ख)प्रमुख फार्मेसिष्ट |
| २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद |
| डेण्टल सर्जन | (क) वरिष्ठ अधिकृत कविराज<br>(ख) मे.सु.(आयुर्वेद) | (क) वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत<br>(ख) वरिष्ठ तालिम अधिकृत | वरिष्ठ मेडिकल ल्याव टेक्नोलोजिष्ट | वरिष्ठ जनस्वास्थ्य अधिकृत | वरिष्ठ फर्मासिष्ट अधिकृत |
| ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३.राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३.राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३.राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद |
| डेण्टल सर्जन | अधिकृत कविराज | (क)स्वास्थ्य शिक्षा अधिकृत<br>(ख) तालिम अधिकृत<br>(ग) स्वास्थ्य शिक्षा संयोजक | मेडिकल ल्याव टेक्नोलोजिष्ट | (क)जनस्वास्थ्य अधिकृत<br>(ख)परिवार नियोजन अधिकृत<br>(ग) औलो अधिकृत<br>(घ) सुपरिवेक्षण अधिकृत<br>(ङ) योजना अधिकृत<br>(च) भेक्टर कन्ट्रोलर<br>(छ) मेडिकल इण्टो-मोलजिष्ट<br>(ज)परासाइटोलोजिष्ट<br>(झ) मेडिकल रेकर्ड अधिकृत | (क) फर्मासिष्ट<br>(ख)फार्मेसि अधिकृत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ५. राजपत्र अनंकित प्रथम श्रेणीमारहने पद | ५राजपत्र अनंकित प्रथम श्रेणीमा रहने पद | ५.राजपत्र अनंकित प्रथम श्रेणीमा रहन पद | ५.राजपत्र अनंकित प्रथम श्रेणीमा रहने पद | ५.राजपत्र अनंकित प्रथम श्रेणीमा रहने पद | ५.राजपत्र अनंकित प्रथम श्रेणीमा रहने पद |
| डेण्टल सहायक | क) कविराज<br>ख) मिनियर वैद्य | क)स्वास्थ्य शिक्षा टेक्निसियन<br>ख) सहायक हेल्थ एजुकेटर | ल्याब असिष्टेन्ट | क) हे.अ/सि.अ.हे.व<br>ख) औलो सहायक<br>ग) कुष्ठ सहायक<br>घ) क्षय सहायक<br>ङ)प.नि. सहायक<br>च) ग्रुप सुपभाईजर<br>छ) भेक्टर कन्ट्रोलर (सहायक)<br>ज) कोल्ड चेन असिष्टेन्ट | फार्मेसी सहायक |
| ५. राजपत्र अनंकित द्वितीय श्रेणीमा रहने पद | ५. राजपत्र अनंकित द्वितीय श्रेणीमा रहने पद | ५. राजपत्र अनंकित द्वितीय श्रेणीमा रहने पद | ५. राजपत्र अनंकित द्वितीय श्रेणीमा रहने पद | ५. राजपत्र अनंकित द्वितीय श्रेणीमा रहने पद | ५. राजपत्र अनंकित द्वितीय श्रेणीमा रहने पद |
| - | वैद्य | - | ल्याब वर्कर | क) अ.हे.व<br>ख) मलेरिया वर्कर | कोल्ड चेन वर्कर |
| ६.राजपत्र अनंकित तृतीय श्रेणीमारहने पद | ६.राजपत्र अनंकित तृतीय श्रेणीमा रहने पद | ६.राजपत्र अनंकित तृतीय श्रेणमा रहन पद | ६.राजपत्र अनंकित तृतीय श्रेणीमा रहने पद | ६.राजपत्र अनंकित तृतीय श्रेणीमा रहने पद | ६.राजपत्र अनंकित तृतीय श्रेणीमा रहने पद |
| - | - | - | - | ग्रामिण स्वास्थ्य कार्यकर्ता | |

२९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| २४.फिजियोथेरापी समूह: | २५. होमियोप्याथी समूह: | २६. रेडियोग्राफी समूह: |
|---|---|---|
| १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद | १. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद |
| - | - | - |
| २. राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद | २. राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद | २.राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद |
| वरिष्ठ फिजियोथेरापीष्ट | वरिष्ठ होमियोप्याथी अधिकृत | वरिष्ठ रेडियोग्राफर |
| ३. राजपत्रांकित तृतीय श्रेणीमा रहने पद | ३. राजपत्रांकित तृतीय श्रेणीमा रहने पद | ३.राजपत्रांकित तृतीय श्रेणीमा रहने पद |
| फिजियोथेरापीष्ट | होमियोप्याथी अधिकृत | रेडियोग्राफर |
| ४. राजपत्र अनंकित प्रथम श्रेणीमा रहने पद | राजपत्र अनंकित प्रथम श्रेणीमा रहने पद | राजपत्र अनंकित प्रथम श्रेणीमा रहने पद |
| सहायक फिजियोथेरापिष्ट | - | सहायक रेडियोग्राफर |
| ५. राजपत्र अनंकित द्वितीय श्रेणीमा रहने पद | राजपत्र अनंकित द्वितीय श्रेणीमा रहने पद | राजपत्र अनंकित द्वितीय श्रेणीमा रहने पद |
| - | - | क)रेडियोग्राफी वर्कर |

मुद्रण विभाग, सिंहदरबार

३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. स्यानिटेशन समूह

१. राजपत्रांकित प्रथम श्रेणीमा रहने पद

२. राजपत्रांकित द्वितीय श्रेणीमा रहने पद

३. राजपत्रांकित तृतीय श्रेणीमा रहने पद
स्यानिटेरियन

४. राजपत्र अनंकित प्रथम श्रेणीमा रहने पद

सहायक स्यानिटेरियन

५. राजपत्र अनंकित द्वितीय श्रेणीमा रहने पद

६. राजपत्र अनंकित तृतीय श्रेणीमा रहने पद



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-३
(नियम ७ संग सम्बन्धीत )

### सेवा, समूह, उपसमूहकोलागि चाहिने न्यूनतम शैक्षिक योग्यता

१. राजपत्राँकित तृतीय श्रेणी मेडिकल अधिकृत पदको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा न्यूनतम शैक्षिक योग्यताको रूपमा प्राप्त एम.डि.वा सो सरहको उपाधी प्राप्त ।

२. देहायका समूह तथा उपसमूहको राजपत्राँकित द्वितीय र प्रथम श्रेणीको पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको शैक्षिक योग्यता प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त गरेको ।

| क्र.सं. | समूह | उपसमूह | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|---|
| १. | मेडिसिन | क)जनरल मेडिसिन | इन्टरनल मेडिसिनमा स्नातककोत्तर उपाधी वा सो सरह । |
| | | ख)नेफ्रोलोजी | नेफोलोजीमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| | | ग)न्यूरोलोजी | न्यूरोलोजीमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| | | घ)कार्डियोलोजी | कार्डियोलोजीमा स्नातकोत्तर उपाधी वा सो सरह । |

38



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | ङ)ट्रपिकल मेडिसिन | ट्रपिकल मेडिसिनमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| | | च)ग्याष्ट्रो इन्टेरोलोजी | ग्याष्ट्रो इन्टेरोलोजीमा स्नातकोत्तर उपाधी वा सो सरह। |
| २. | सर्जरी (शल्य चिकित्सा विज्ञान) | क)जनरल सर्जरी | जनरल सर्जरीमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| | | ख)अर्थोप्याडीक सर्जरी | अर्थोप्याडिक सर्जरीमा स्नातकोत्तर उपाधि वा सो सरह। |
| | | ग)कार्डियो थेरासीक सर्जरी | कार्डियोथोरासिक सर्जरीमा स्नातकोत्तर उपाधी वा सो सरह |
| | | घ) यूरो सर्जरी यूरोलोजी | यूरो सर्जरीमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| | | ङ) न्यूरो सर्जरी | न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| | | च)पिडियाट्रिक सर्जरी | पिडियाट्रीक सर्जरीमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| | | छ)वर्न तथा प्लाष्टीक सर्जरी | प्लाष्टिक सर्जरीमा स्नातकोत्तर उपाधी वा सो सरह । |

३५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ३. | रेडियोलोजी | क) रेडियो डाइग्नोसिस<br>ख)रेडियो थेरापी | रेडियो डाइग्नोसिसमा स्नातकोत्तर उपाधी वा सो सरह ।<br>रेडियोथेरापीमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| ४. | डर्माटोलोजी, लेप्रोलजी र मेनरल डिजिजेज | | डर्माटोलोजी, लेप्रोलजी र मेनरल डिज़िजेज विषयमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| ५. | साइकियाट्री (मानसिक रोग विज्ञान) | | साइकियाट्रिमा स्नातकोत्तर उपाधी वा सो सरह। |
| ६. | पिडियाट्रिक्स (बालरोग विज्ञान) | | पिडियाट्रिक्समा स्नातकोत्तर उपाधी वा सो सरह । |
| ७. | अप्थलमोलोजी | | अप्थलमालोजीमा स्नातकोत्तर उत्तीर्ण । |
| ८. | अटोरिनो ल्यारिंगोलोजी | | अटोरिनोल्यारिंगोलोजीमा स्नातकोत्तर उपाधी वा सो सरह। |
| ९. | चेष्ट डिजिजेज | | ट्युवरक्लोसिस वा चेष्ट डिजिजेजमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| १०. | इनेस्थेसियोलोजी | | एनेस्थेसियोलोजीमा स्नातकोत्तर उपाधी वा सो सरह । |

३६

५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ११. | अब्स्ट्रेटिक्स तथा गाइनो कोलोजी | | अब्स्ट्रेटिक तथा गाइनोकोलोजीमा स्नातकोत्तर उपाधी वा सो सरह। |
| १२. | पब्लिक हेल्थ एडमिनि-ष्ट्रेशन | | पब्लीक हेल्थ सम्बन्धी विषयमा स्नातकोत्तर उपाधी वा सो सरह। |
| १३. | जनरल हेल्थ-सर्भिसेज | | मेडिकल अधिकृतको पदकोलागि तोकिएको न्यूनतम शैक्षिकयोग्यता संग सम्बन्धीत विषयमा स्नातकोत्तर उपाधी वा सो सरह। |
| १४. | मेडिकल जनरलिष्ट | | जनरल प्राक्टिसिङ्ग सम्बन्धी विषयमा स्नातकोत्तर वा सो सरह। |
| १५. | प्याथोलोजी | क) जनरल प्याथोलोजी | प्याथोलोजीमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| | | ख) हिस्टोप्या-थोलोजी | हिस्टोप्याथोलोजीमा स्नातकोत्तर उपाधी वा सो सरह । |
| | | ग) माइक्रो-बायोलोजी | माइक्रोबायलोजी(ब्याक्टोरियोलोजी) मा स्नातकोत्तर उपाधी वा सो सरह । |
| | | घ) हिमटोलोजी | हिमेटोलोजीमा स्नातकोत्तर उपाधी वा सो सरह । |

३०


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. नर्सिङ्ग समूहको लागि:

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| | क) रा.प.अनं.द्वितीय श्रेणीको पद(अ.न.मि.) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. कोर्ष वा सो सरह उत्तीर्ण । |
| | ख) रा.प.अनं.प्रथम श्रेणीको श्रेणी (स्टाफ नर्स,/सि.अ.न.मि.) | स्टाफनर्सको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफनर्स वा सो सरह उत्तीर्ण र सि.अ.न.मि. को लागि अ.न.मि. कोर्ष उत्तीर्ण गरी ३ बर्षको अनुभव वा सि. अ. न. मि. को तालीम प्राप्त । |
| | ग) रा.प.तृतीय श्रेणी को पद | मान्यता प्राप्त शिक्षणसंस्थाबाट चिकित्सा शास्त्रीको (बि. एस्सी. नर्सिङ्ग) वा सो सरह उत्तीर्ण । |
| घ) | रा.प.प्रथम र द्वितीय श्रेणीको पद | खण्ड(ग) मा उल्लेखित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उप-नियम (२) बमोजिम अनुभव प्राप्त । |

१७. पब्लिक हेल्थ नर्सिङ्ग समूहको लागि:

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| क) | रा.प.अनं.तृतीय श्रेणीको पद(मातृशिशु कार्य कर्ताको पदकोलागि) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मातृ शिशु स्वास्थ्य कार्य कर्ताको तालीम प्राप्त वा |

३८


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ङ) | रा.प.द्वितीय तथा प्रथम श्रेणीको पद | खण्ड (घ) मा उल्लेखित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

१८. डेन्टिष्ट्री समूहको लागि:

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| क) | रा.प.अनं.प्रथम श्रेणी को पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई एस्सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालीम प्राप्त । |
| ख) | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस्सी. वा बि. डी. एस. वा सो सरह उत्तीर्ण । |
| ग) | रा.प.प्रथम तथा द्वितीय श्रेणीको पद | खण्ड(ख) मा उल्लेखित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. आयुर्वेद समूहको लागि:

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| क) | रा.प.अनं.द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद मध्यमा वा आयुर्वेद क्याम्पस नरदेवीबाट एक वर्षको सहायक आयुर्वेद कार्यकर्ता कोर्ष वा सो सरह उत्तीर्ण । |
| ख) | रा.प.अनं. प्रथम श्रेणीकोपद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी वा आयुर्वेद शास्त्री(नेपाल)वा सो सरह उतीर्ण । |
| ग) | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा प्रणालीमा स्नातकोपाधी वा सो सरह उतीर्ण । |
| घ) | रा.प.प्रथम तथा द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेदमा स्नातकोपाधी प्राप्त वा सो सरह । |

मुद्रण विभाग

८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. हेल्थ एजुकेशन (स्वास्थ्य शिक्षा) समूहको लागि:

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| क) | रा.प.अनं.प्रथम श्रेणीको पद (स्वा. शि.टे./सहायक हेल्थ एजुकेटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा प्रमाणपत्र प्राप्त वा एस.एल.सी. वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा दुई वर्षको तालीम प्राप्त वा एस. एल. सी. वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा पाँच वर्षको अनुभव प्राप्त । |
| ख) | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोपाधी पछि हेल्थ एजुकेशनमा डिप्लोमा वा डिग्री वा सो सरह उतीर्ण । |
| ग) | रा.प. प्रथम तथा द्वितीय श्रेणीको पद | खण्ड (ख) मा उल्लेखित विषयमा स्नातकोत्तर वा सो सरह उतीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

मुद्रण विभाग

62



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. मेडिकल ल्याव टेक्नोलोजी समूहको लागि :

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| क) | रा.प.अनं.द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतीर्ण गरी राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालाबाट संचालित स्वास्थ्य प्रयोगशाला संबन्धी तालीम प्राप्त । |
| ख) | रा.प.अनं. प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्टिफिकेट इन हेल्थ ल्याब वा सो सरह उतीर्ण वा एस.एल.सी. वा सो सरह उतीर्ण गरी राष्ट्रिय जन स्वास्थ्य प्रयोगशाला बाट संचालित २ वर्षे स्वास्थ्य प्रयोगशाला सम्बन्धी तालीम प्राप्त । |
| ग) | रा.प.तृतीय श्रेणीको पद । | मेडिकल ल्याब टेक्नोलोजीमा डिग्री वा सो सरह । |
| घ) | रा.प.प्रथम तथा द्वितीय श्रेणीको पद | खण्ड (ग) मा उल्लेखित विषयमा स्नातकोत्तर वा सो सरह उतिर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

62



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. हेल्थ इन्स्पेक्सन समूहको लागि :

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| क) | रा.प.अनं.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयको तालिमको प्रमाणपत्र प्राप्त वा सो प्रमाणपत्र नहुनेको हकमा सम्बन्धित काममा दुई वर्षको अनुभव प्राप्त । |
| ख) | रा.प.अनं.द्वितीय श्रेणीको पद | अ.हे.व. पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सी. एम.ए. वा सो सरह उतीर्ण र मलेरिया वर्करका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा तालीम प्राप्त । |
| ग) | रा.प.अनं. प्रथम श्रेणीको पद<br>हे.अ. | मान्यता प्राप्त शिक्षण संस्थाबाट हे.अ. कोर्ष उतीर्ण । |
| | सि.अ.हे.व. | अ.हे.व मा चार वर्ष सम्म अटुट रूपले काम गरी सि.अ.हे.व. को तालीम प्राप्त वा ६ वर्ष अटुट काम गरेको । |
| | औलो सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उतीर्ण भई सम्बन्धित विषयमा तालीम प्राप्त । |

मुद्रण विभाग

४४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| क्षय, कुष्ठ सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उतीर्ण भई सम्बन्धित बिषयको तालीम प्राप्त । |
| प. नि. सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उतीर्ण भई सम्बन्धित बिषयमा तालीम प्राप्त । |
| सहायक मेडिकल रेकर्डर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उतीर्ण भई सम्बन्धित बिषयमा तालीम प्राप्त । |
| खोप सुपरभाइजर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह उतीर्ण भै खोप सम्बन्धी ३ महिनाको तालीम प्राप्त वा प्रमाणपत्र तह उतीर्ण गरी खोप सम्बन्धी काममा २ बर्षको अनुभव प्राप्त गरेका वा प्रमाणपत्र तह उतीर्ण भै मिड लेभल म्यानेज-मेन्टको तालीम प्राप्त गरी सो सम्बन्धी कामको १ एक बर्षको अनुभव । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| घ) | रा.प.तृतीय श्रेणी पद । | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्यमा स्नातक वा सो सरह उतीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य प्रशासनमा स्नातक वा सो सरह उतीर्ण वा पोषण अधिकृत, मेडिकल रेकर्डर अधिकृत, औलो अधिकृत, प.नि. अधिकृत , क्षयरोग अधिकृत वा इन्टोमलोजिष्ट वा प्यारा साइटोलोजिष्ट वा खोप अधिकृत स्तरको सुपरभाइजर पदमा चार बर्षको सेवा गरी कम्तीमा ५ महिनाकोजनस्वास्थ्य सम्बन्धी तालीम प्राप्त वा स्नातकोपाधी र चिकित्सा शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण वा स्वास्थ्य शिक्षामा स्नातक वा सो सरह उतीर्ण वा स्यानिटेशनमा स्नातक वा सो सरह उतीर्ण वा जनसंख्या अध्ययनमा डिग्री वा डिप्लोमा वा सो सरह वा स्वास्थ्य शिक्षामा डिग्री वा डिप्लोमा वा सो सरह वा मेडिकल इन्टोमोलोजी वा प्यारा साइटोलोजीमा डिग्री वा डिप्लोमा वा सो सरह वा मेडिकल रेकर्डिङ्गमा डिग्री वा डिप्लोमा वा सो सरह । |
| ङ) | रा.प.प्रथम तथा द्वितीय श्रेणीको पद | खण्ड (घ) मा उल्लेखित बिषयमा स्नातकोत्तर वा सो सरह उतिर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

४६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. फार्मेसी समूहको लागि :

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| क) | रा.प.अनं.द्वितीय श्रेणीको पद (कोल्ड चेन वर्कर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतीर्ण गरी कोल्ड चेन सम्बन्धी तालीम प्राप्त वा एस.एल.सी. वा सो सरह उतीर्ण गरी सम्बन्धित काममा एक बर्षको अनुभव प्राप्त । |
| ख) | रा.प.अनं. प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण । |
| ग) | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बि. फर्म. वा बि.एस्सी (फार्मेसी) वा सो सरह उतीर्ण । |
| घ) | रा.प.प्रथम तथा द्वितीय श्रेणीको पद | खण्ड (ग) मा उल्लेखित विषयमा स्नातकोत्तर वा सो सरह उतिर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. फिजियोथेरापी समूहकोलागि:

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| क) | रा.प.अनं.प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतीर्ण गरी फिजियोथेरापीमा दुई वर्षको तालीम प्राप्त वा बेसिक नर्स वा सो सरह उतीर्ण गरी फिजियोथेरापीमा दुई वर्षको तालीम प्राप्त । |
| ख) | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातकोपाधि वा सो सरह उत्तिर्ण । |
| ग) | रा.प. द्वितीय श्रेणी को पद | खण्ड (ख) मा उल्लेखित विषयमा स्नातकोत्तर वा सो सरह उतिर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

२५. होमियोप्याथी समूहको लागि :

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर । |
|---|---|---|
| क) | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट होमियोप्याथीमा स्नातकोपाधी प्राप्त वा सो सरह उतीर्ण । |
| ख) | रा.प. द्वितीय श्रेणी को पद | खण्ड (क) मा उल्लेखित विषयमा स्नातकोत्तर वा सो सरह उतिर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

४८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. रेडियोग्राफी समूहको लागि :

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| क) | रा.प.अनं.द्वितीय श्रेणीको पद (डार्करूम वर्कर तथा रेडियोग्राफी वर्कर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतीर्ण गरी सम्बन्धीत विषयमा स्वास्थ्य मन्त्रालय अन्तर्गतका रेडियोलोजी बिभागमा, शिक्षा मन्त्रालय अन्तर्गतका स्वास्थ्य संस्थामा, रेडियोलजी बिभागमा डेढ बर्षको तालीम वा तीन बर्षको अनुभव प्राप्त । |
| ख) | रा.प. अनं.प्रथम श्रेणीको पद (रेडियोग्राफी असिष्टेन्ट) | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियो ग्राफिमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण । |
| ग) | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा स्नातक वा सो सरह उतीर्ण वा बिज्ञान सम्बन्धी बिषयमा स्नातक वा सो सरह उत्तीर्ण गरी रेडियोग्राफीमा कम्तीमा दुई बर्षको तालीम प्राप्त । |
| घ) | रा.पं. द्वितीय श्रेणी को पद | खण्ड (ग) मा उल्लेखित विषयमा स्नातकोत्तर वा सो सरह उतीर्ण गरी नियमावलीको नियम १४ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

४४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. स्यानिटेशन समूहको लागि:

| क्र.सं | पद | शैक्षिक योग्यताको विषय र स्तर |
| --- | --- | --- |
| क) | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्यानिटेसनमा डिग्री वा डिप्लोमा वा सो सरह उत्तीर्ण । |
| ख) | रा.प.अनं. प्रथम श्रेणीको पद | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी स्यानिटेसन संबन्धी दुई बर्षको तालीम प्राप्त । |

द्रष्टव्य:
माथि उल्लेखित शैक्षिक योग्यताहरू लोक सेवा आयोगबाट मान्यता प्राप्त शिक्षण संस्था वा निकायबाट हासिल भएको हुनु पर्नेछ ।

मुद्रण विभाग

५०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि - ४
(नियम ६ को उपनियम (२) संग सम्बन्धित)

विभिन्न समूह वा उपसमूहको राजपत्राँकित प्रथम र द्वितीय श्रेणीको पदमा बढुवा हुनको लागि आवश्यक पर्ने शैक्षिक योग्यता:

| क्र.सं. | समूह | उपसमूह | आवश्यक शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|---|
| १. | मेडिसिन (आर्युविज्ञान) | क) जनरल मेडिसिन | न्युनतम शैक्षिक योग्यता पछि इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि वा सो सरह । |
| | | ख) नेफ्रोलोजी | न्यूनतम शैक्षिक योग्यतापछि नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि वा सो सरह वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा डिप्लोमा वा कम्तीमा एक शैक्षिक सत्रको तालीम प्राप्त । |
| | | ग) न्यूरोलोजी | न्यूनतम शैक्षिक योग्यता पछि न्यूरोलोजीमा स्नातकोत्तर उपाधि वा डिप्लोमा वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि न्यूरोलोजीमा कम्तीमा एक शैक्षिक सत्रको तालीम प्राप्त । |

५१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | घ)कार्डियोलोजी | न्यूनतम शैक्षिक योग्यतापछि कार्डियोलोजीमा स्नातकोत्तर उपाधि वा सो सरह वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि कार्डियोलोजीमा डिप्लोमा वा कम्तिमा एक शैक्षिक सत्रको तालीम प्राप्त । |
| | | ङ)ट्रपिकल मेडिसिन | न्यूनतम शैक्षिक योग्यतापछि ट्रपिकल मेडिसिनको पोष्ट ग्राजुयट उपाधि वा सो सरह वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधिपछि ट्रपिकल मेडिसिनमा डिप्लोमा वा कम्तिमा एक शैक्षिक सत्रको तालीम प्राप्त । |
| | | च)ग्याष्ट्रो इन्टेरोलोजी | न्यूनतम शैक्षिक योग्यता पछि ग्यास्ट्रोइन्टेरोलोजिमा स्नातकोत्तर उपाधि वा सो सरह वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि ग्यास्ट्रोइन्टेरोलोजीमा डिप्लोमा वा कम्तिमा एक शैक्षिक सत्रको तालीम प्राप्त । |
| २. | सर्जरी (सल्य चिकित्सा विज्ञान) | क)जनरल सर्जरी | न्यूनतम शैक्षिक योग्यता पछि जनरल सर्जरीमा स्नातकोत्तर उपाधि वा सो सरह । |

४२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | ख)अर्थोपिडीक्स सर्जरी | न्यूनतम शैक्षिक योग्यता पछि अर्थोपिडिक सर्जरीमा स्नातकोत्तर उपाधि वा डिप्लोमा वा सो सरह वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि अर्थोपिडिकमा कम्तिमा एक शैक्षिक सत्रको तालीम प्राप्त । |
| | | ग)कार्डियो थोरासिक सर्जरी | न्यूनतम शैक्षिक योग्यतापछि कार्डियो थोरासिक सर्जरीमा स्नातकोत्तर उपाधि वा सो सरह वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि कार्डियोथोरासिक सर्जरीमा डिप्लोमा वा कम्तिमा एक शैक्षिक सत्रको तालिमप्राप्त । |
| | | घ)युरो सर्जरी / यूरोलोजी | न्युनतम शैक्षिक योग्यतापछि यूरो सर्जरीमा स्नातकोत्तरउपाधि वा सो सरह वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि युरो सर्जरीमा डिप्लोमा वा कम्तिमा एक शैक्षिकसत्रको तालीम प्राप्त। |
| | | ङ) न्युरो सर्जरी | न्यूनतम शैक्षिक योग्यता पछि न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि वा सो सरह वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि न्युरो सर्जरीमा डिप्लोमा वा कम्तीमा एक शैक्षिक सत्रको तालीम प्राप्त । |

मुद्रण विभाग

४३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | च)पिडियाट्रिक सर्जरी | न्यूनतम शैक्षिक योग्यता पछि पिडियाट्रिक सर्जरीमा स्नातकोत्तर उपाधि वा सो सरह वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधिपछि पिडियाट्रिक सर्जरीमा डिप्लोमा वा कम्तीमा एक शैक्षिक सत्रको तालीम प्राप्त । |
| | | छ)वर्न तथा प्लाष्टीक सर्जरी | न्यूनतम शैक्षिक योग्यता पछि प्लाष्टीक सर्जरीमा स्नातकोत्तर उपाधि वा सो सरह वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि प्लाष्टीक सर्जरीमा डिप्लोमा वा कम्तीमा एक शैक्षिक सत्रको तालीम प्राप्त । |
| ३. | रेडियो-लोजी | क) रेडियो डाइग्नोसिस | न्यूनतम शैक्षिक योग्यता पछि रेडियो डाइग्नोसिसमा स्नातकोत्तर उपाधि वा डिप्लोमा वा सो सरह |
| | | ख)रेडियो थेरापी | न्यूनतम शैक्षिक योग्यता पछि रेडियोथेरापीमा स्नातकोत्तर उपाधि वा डिप्लोमा वा सो सरह । |
| ४. | डर्माटोलाजी, लेप्रोलोजी र भेनरल डिजिजेज | | न्यूनतम शैक्षिक योग्यता पछि सम्बन्धित विषयमा डिग्री वा डिप्लोमा वा सो सरह । |

२४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ५. | साइकियाट्री (मानसिक रोग विज्ञान) | | न्यूनतम शैक्षिक योग्यता पछि साइकियाट्रीमा डिग्री वा डिप्लोमा वा सो सरह । |
| ६. | पिडियाट्रिक्स (बालरोग विज्ञान) | | न्यूनतम शैक्षिक योग्यता पछि पिडियाट्रिक्समा डिग्री वा डिप्लोमा वा सो सरह । |
| ७. | अप्थल-मोलोजी | | न्यूनतम शैक्षिक योग्यता पछि अप्थलमोलोजीमा डिग्री वा डिप्लोमा वा सो सरह । |
| ८. | अटोरिनो ल्यारिंगो-लोजी | | न्यूनतम शैक्षिक योग्यता पछि अटोरिनोल्यारिंगोलोजीमा डिग्री वा डिप्लोमा वा सो सरह । |
| ९. | चेष्ट डिजिजेज | | न्यूनतम शैक्षिक योग्यता पछि ट्युवरकुलोसिस वा चेष्ट डिजीजेजमा डिग्री वा डिप्लोमा वा सो सरह । |
| १०. | एनेस्थेसि-योलोजी | | न्यूनतम शैक्षिक योग्यता पछि एनेस्थेसियोलोजीमा डिग्री वा डिप्लोमा वा सो सरह । |
| ११. | अबस्टे-ट्रिक तथा गाइनो कोलोजी | | न्यूनतम शैक्षिक योग्यता पछि अबस्टेट्रिक तथा गाइनोकोलोजीमा डिग्री वा डिप्लोमा वा सो सरह । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १२. | पब्लिक हेल्थ एडमिनिस्ट्रेशन | | न्यूनतम शैक्षिक योग्यता पछि पब्लिक हेल्थ सम्बन्धी डिग्री वा डिप्लोमा वा सो सरह । |

स्पष्टीकरण :- पब्लीक हेल्थ सम्बन्धी डिग्री वा डिप्लोमा वा सो सरह भन्नाले इपिडिमियोलोजी, न्यूट्रीशन, एम सि.एच हेल्थ प्लानिङ्ग आदि जस्ता विषयमा गरेको डिप्लोमा वा डिग्री समेतलाई जनाउने छ ।

| | | | |
|---|---|---|---|
| १३. | मेडिकल जनरलिष्ट | | न्यूनतम शैक्षिक योग्यता पछि जनरल प्राक्टिसिङ्ग सम्बन्धी डिग्री वा डिप्लोमा वा सो सरह । |
| १४. | प्याथोलोजी | क) जनरल प्याथलोजी | न्यूनतम शैक्षिक योग्यता पछि प्याथलोजीमा स्नातकोत्तर उपाधि वा डिप्लोमा वा सो सरह । |
| | | ख) हिस्टोप्याथोलोजी | न्यूनतम शैक्षिक योग्यता पछि प्याथोलोजीमा स्नातकोत्तर उपाधी वा डिप्लोमा वा सो सरह पछि हिस्टोप्याथोलोजी सम्बन्धी एक शैक्षिक सत्रको तालीम वा हिस्टोप्याथोलजीमा स्नातकोत्तर उपाधि वा डिप्लोमा वा सो सरह। |

५६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | ग)माइक्रो-बायालोजी | न्यूनतम शैक्षिक योग्यता पछि प्याथोलोजीमा स्नातकोत्तर उपाधि वा डिप्लोमा वा सो सरह पछि माइक्रो बायलोजी सम्बन्धी एक शैक्षिक सत्रको तालीम प्राप्त वा माइक्रो बायालोजी (ब्याक्टेरियालोजीमा) स्नातकोत्तर उपाधि वा डिप्लोमा वा सोसरह |
| | घ)हिमैटोलोजी | न्यूनतम शैक्षिक योग्यता पछि प्याथोलोजीमा स्नातकोत्तर उपाधि वा डिप्लोमा वा सो सरह पछि हिमेटोलोजी सम्बन्धी एक शैक्षिक सत्रको तालीम प्राप्त वा हिमेटोलोजीमा स्नातकोत्तर उपाधि वा डिप्लोमा वा सो सरह। |

द्रष्टव्य

माथि उल्लेखित शैक्षिक योग्यताहरू लोक सेवा आयोगबाट मान्यता प्राप्त शिक्षण संस्था वा निकायबाट हासिल भएको हुनु पर्नेछ ।

आज्ञाले,
जगदीश्वर उपाध्याय
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।